बैठक संख्या ४२

कार्यपालिका बैठक मिति २०७५।१०।२०

**निर्णय नं. १**

इटहरी उपमहानगरपालिकाको भवन निर्माण ऐन,२०७५ माथि संशोधन गर्न वनेको भवन निर्माण (संशोधन) विधेयक २०७५ लाई सैदान्तिक सहमति सहीत नगर सभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. २**

इटहरी उपमहानगरपालिकाको आर्थिक ऐन, २०७५ लाई संशोधन गर्न वनेको आर्थिक (संशोधन) विधेयक २०७५ लाई सैदान्तिक सहमति सहित नगरसभामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

सामाजिक तथा क्षमता विकास कार्यक्रम तर्फको ७.५ को कार्यक्रममा इटहरी वडा नं. १७ पकली भएकोमा उक्त कार्यक्रम इटहरी वडा नं. १६ मा रहेको राम जानकी बृद्धाआश्रमका ज्येष्ठ नागरिकहरुलाई खाद्यान्न, लत्ताकपडा र औषधी सहयोग शिर्षकमा संशोधन गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

इटहरी उपमहानगरपालिका वडा नं. १७ लाई बालमैत्री घोषणा गर्नको लागि बाल वडा प्रोफायल निर्माण गर्नु पर्ने हुँदा बालमैत्री स्थानीय शासन प्रवर्द्धन शिर्षकबाट १ लाख बिनियोजन गर्ने र उक्त प्रोफायल सम्पूर्णता जीवनको लागि युवा श्रृजनाहरु (युथ क्रियशन) संस्था मार्फत गराउने निर्णय गरियो।

**निर्णय नं. ५**

ज्येष्ठ नागरिक स्याहार सेवा कार्यक्रम अन्तर्गत ज्येष्ठ नागरिक क्षेत्रमा कार्यरत तपसिलका संस्थाहरुलाई हाल सम्म भुक्तानी भएको रकम रु. ५१,८६०।- (एकाउन्न हजार आठ सय साठी) अनुमोदन गर्दै माग हुन आएको रकम रु. १६,२६०।- (सोह्र हजार दुई सय साठी) भुक्तानी गर्ने निर्णय गरियो।

(क) ज्येष्ठ नागरिक मञ्च, इटहरी ४ : रु. १३,३६०।-

(ख) ज्येष्ठ नागरिक समाज, इटहरी ५ : रु. १०,०००।-

(ग) ज्येष्ठ नागरिक समाज नेपाल, इटहरी ६ : रु. २८,५००।-

(घ) ज्येष्ठ नागरिक समाज नेपाल, इटहरी ६ (गायत्री लम्साल) : रु. १६,२६०।- (माग हुन आएको रकम)

**निर्णय नं. ६**

यस उपमहानगरपालिकाबाट तालतलैया विकास तथा संरक्षण समितिका लागि आ.ब. २०७५/७६ मा विनियोजित रकमबाट इटहरी उपमहानगरपालिकाको योजना संचालन सम्बन्धी कार्यविधि, २०७५ को दफा ७ बमोजिम योजना संचालन गर्दा उपभोक्ता समितिबाट व्यर्होनु पर्ने लागत सहभागिताको रकम १५% मात्र उपभोक्ता समितिबाट व्यर्होने गरी सम्झौता गरी योजना संचालन गर्ने निर्णय गरियो।

नि० प्रमुख

निर्णय नं. ७

यस इटहरी उपमहानगरपालिकाको वडा नं.८ को शहरी स्वास्थ्यको लागि १ कोठा भाडामा लिई मिति २०७२ साल देखि संचालन भएकोमा उक्त घरको पछिल्लो घर वहाल सम्झौता मिति २०७२ माघ १ गते देखि लागु हुने गरी मासिक घर बहाल रकम २७७३ रुपैया पाउने गरि सम्झौता भएकोमा उक्त सम्झौता भएको २०७५ पौष मसान्तमा ३ बर्ष विति सकेको र उक्त दररेटमा घर वहाल उपलब्ध गराउन नसकिने हुँदा मिति २०७५ श्रावण १ गते देखि लागु हुने गरि भाडा बृद्धि गरि पाउँ भनि भजनलाल चौधरीले २०७५ कार्तिक १६ मा यस कार्यालयमा निवेदन दर्ता गराउनु भएकोमा उक्त घर सम्झौता हुँदाका वखत सम्झौताको बुँदा नं.४ मा शहरी स्वास्थ्य केन्द्र इटहरी-७ को भवन निर्माण सम्पन्न नहुन्जेल सम्मका लागि घर भाडा लिएको देखिएको र सम्झौता गर्दाको अवस्थामा सम्झौताको म्याद उल्लेख नभएको हुँदा २०७६ पौष मसान्त सम्म म्याद थप कायम गरी २०७५ माघ १ गते देखि लागु हुने गरि सम्झौतामा उल्लेखित घर वहाल रु.२७७३। को १०% ले बृद्धि गर्दा हुने मासिक रकम रु.३१००। रुपैया उपलब्ध गराउने निर्णय गरियो ।